# काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com








वर्ष : २५ | अंक : २७५ | शुक्रवार, १ साउन, २०८३ | Friday, 17 July 2026 | नेपाल संवत ११४६ | पृष्ठ : ४ | मूल्य : रु. १०


# उजाड विद्यालय अब उज्यालो भविष्यतर्फ

## छ जना विद्यार्थीबाट १४० विद्यार्थी, अहिले आश्रयविहीन बालबालिकाको भरोसाको घर बनेको जनकल्याण विद्यालय

**काँक्रेविहार संवाददाता**
सुर्खेत, ३२ असार

कुनै समय सुनसान, जीर्ण र बन्द हुने अवस्थामा पुगेको सल्यानको एउटा सामुदायिक विद्यालय आज आशाको केन्द्र बनेको छ।

जहाँ पहिले पाँच कक्षामा जम्मा छ जना विद्यार्थी थिए, त्यही विद्यालयमा अहिले १४० विद्यार्थी नियमित अध्ययन गरिरहेका छन्। अझ विशेष कुरा, यो विद्यालय अहिले ४७ जना आश्रयविहीन बालबालिकाको सुरक्षित घर बनेको छ।

शारदा नगरपालिका-५, तल्लो मार्केस्थित जनकल्याण प्राथमिक विद्यालयको यो परिवर्तन कुनै संयोग होइन। स्थानीय सरकारको इच्छाशक्ति, शिक्षकको अथक मेहनत र समुदायको विश्वासले सम्भव भएको परिवर्तनको कथा हो।

तीन वर्षअघि जनकल्याण प्राथमिक विद्यालयको अवस्था निकै नाजुक थियो। भवन जीर्ण थियो। कक्षाकोठा खालीजस्तै थिए। पाँच कक्षामा जम्मा छ जना विद्यार्थी थिए भने दुई जना शिक्षकले विद्यालय धानिरहेका थिए।

विद्यार्थी निरन्तर घट्दै गएपछि विद्यालय बन्द हुने चर्चा चल्न थालेको थियो। त्यतिबेला अधिकांश अभिभावकले आफ्ना बालबालिकालाई निजी विद्यालयमा भर्ना गरिसकेका थिए। सरकारी विद्यालयप्रतिको विश्वास लगभग समाप्त भइसकेको थियो।



### एउटा सरुवाले बदलियो विद्यालयको भाग्य

२१ साउन २०८० मा शिक्षक कृष्णबहादुर वली यस विद्यालयमा सरुवा भएर आए। विद्यालयमा पहिलोपटक पुग्दा उनले देखेको दृश्य निकै निराशाजनक थियो। उनी सम्झन्छन्, विद्यालयमा विद्यार्थीभन्दा बढी चिन्ता थियो। भवन बिग्रिएको थियो। वातावरण सुनसान थियो। त्यो अवस्था देखेर विद्यालय जोगाउनु नै पहिलो लक्ष्य बनाएँ। नगर प्रमुख प्रकाश भण्डारीले पनि विद्यालयलाई पुनर्जीवित गर्ने जिम्मेवारी वलीलाई नै दिए त्यसपछि विद्यालय सुधारको अभियान सुरु भयो। विद्यालयलाई आकर्षक बनाउन सबैभन्दा पहिले भौतिक पूर्वाधार सुधार गरियो। नगरपालिकाको सहयोगमा भवन मर्मत भयो, नयाँ डेस्क-बेन्च राखिए खानेपानी र शौचालयको व्यवस्था मिलाइयो। आवश्यक शिक्षकको व्यवस्थापन पनि गरियो। तर वलीलाई थाहा थियो–भवन मात्रै राम्रो बनाएर विद्यालय भरिँदैन अभिभावकको विश्वास जित्नुपर्छ। उनी विद्यालयमा बसेर विद्यार्थी आउने प्रतीक्षा गरेनन्। गाउँ-गाउँ र घर-घर पुगेर अभिभावकसँग भेट्न थाले। सरकारी विद्यालय पनि गुणस्तरीय बन्न सक्छ भन्ने विश्वास दिलाए। घरदैलो अभियानले अपेक्षाभन्दा राम्रो परिणाम दियो। पहिलो वर्षमै ३६ जना नयाँ विद्यार्थी भर्ना भए। त्यसपछि विद्यालयमा विद्यार्थी थपिने क्रम रोकिएन  आज विद्यालयमा १४० जना विद्यार्थी अध्ययन गरिरहेका छन्। शिक्षकको संख्या दुईबाट बढेर छ पुगेको छ। कक्षा ६ सञ्चालनको अनुमति पनि प्राप्त भइसकेको छ।

### विवादले खोसेको विश्वास

विद्यालय किन रित्तिएको थियो भन्ने खोजी गर्दा अर्को कारण पनि भेटियो। २०७५ सालतिर विकास योजनाको कार्यान्वयनलाई लिएर विद्यालय व्यवस्थापन, स्थानीय तह र अभिभावकबीच विवाद भएको रहेछ। त्यसपछि अभिभावकले आफ्ना बालबालिका अन्यत्र पढाउन थाले। परिणामस्वरूप विद्यालय लगभग सुनसान बन्न पुग्यो। आज जनकल्याण प्राथमिक विद्यालयको अर्को परिचय छ। यो ४७ जना आश्रयविहीन बालबालिकाको घर हो। यहाँ बाबुआमा गुमाएका, आर्थिक रूपमा कमजोर तथा पारिवारिक समस्याका कारण पढाइबाट वञ्चित हुन लागेका बालबालिका आवासीय रूपमा बस्छन्। उनीहरूले यहाँ शिक्षा मात्र होइन परिवारको माया पनि पाउँछन्।

### आवासीय विद्यालय र आत्मनिर्भर बन्ने अभियान

शारदा नगरपालिकाले शिक्षा नीतिअनुसार यस विद्यालयलाई आवासीय विद्यालयका रूपमा विकास गर्ने योजना अघि सारेको थियो। २०८२ जेठ ७ गते आवासीय भवन सञ्चालनमा आएपछि अहिले ४७ जना बालबालिका त्यहीँ बसिरहेका छन्। नगर प्रमुख प्रकाश भण्डारीका अनुसार उद्देश्य एउटै हो। कुनै पनि बालबालिका अभिभावक वा गरिबीकै कारण शिक्षाबाट वञ्चित नहोस्। आवासीय विद्यालय सञ्चालनका लागि ठूलो खर्च लाग्ने भएकाले विद्यालयले आत्मनिर्भर बन्ने अभियान पनि थालेको छ। चार रोपनी जग्गामा तरकारी खेती सुरु गरिएको छ। त्यसबाट हुने आम्दानी आवास व्यवस्थापनमा खर्च गरिनेछ। साथै बचत र कमबाट माथिल्लो कक्षामा अध्ययन गर्ने आश्रित बालबालिकाको बैंक खातामा प्रत्येक वर्ष निश्चित र कम जम्मा गर्ने योजना बनाइएको छ।

## कर्णालीमा कँडेल हटाउन अविश्वास प्रस्ताव



**काँक्रेविहार संवाददाता**
सुर्खेत, ३२ असार

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलविरुद्ध अविश्वासको प्रस्ताव दर्ता भएको छ। बिहीबार नेकपा (माओवादी केन्द्र) का ११ जना सांसद, राजकुमार शर्मा तथा नेपाली कांग्रेसका ५ जना सांसदको समर्थनमा प्रदेशसभा सचिवालयमा प्रस्ताव दर्ता गरिएको हो।

नेपालको संविधानको धारा १८८ को उपधारा (४) र (५) बमोजिम दर्ता गरिएको उक्त प्रस्तावमा नेपाली कांग्रेस संसदीय दलका नेता जीवनबहादुर शाहीलाई नयाँ मुख्यमन्त्री नियुक्त गर्नुपर्ने उल्लेख गरिएको छ। यसअघि बुधबार नेपाली कांग्रेसले सरकारबाट बाहिरिने निर्णय गर्दै सरकारमा सहभागी आफ्ना चार मन्त्रीको सामूहिक राजीनामा दिएको थियो। त्यसको एक दिनपछि भने कांग्रेसका केही सांसद विपक्षीसँग मिलेर मुख्यमन्त्री कँडेलविरुद्ध अविश्वास प्रस्ताव दर्ता गरेका हुन्। नेकपा प्रमुख सचेतक कृष्णबहादुर जिसीले अविश्वासको प्रस्ताव दर्ता भएको पुष्टि गरेका छन्।प्रस्ताव दर्तासँगै कर्णाली प्रदेशको सत्ता समीकरण औपचारिक रूपमा नयाँ चरणमा प्रवेश गरेको छ। अब प्रदेशसभामा अविश्वास प्रस्तावमाथि छलफल हुने र त्यसको निर्णयले प्रदेश सरकारको आगामी दिशा तय गर्नेछ। यदि प्रस्ताव बहुमतले पारित भए मुख्यमन्त्री कँडेल नेतृत्वको सरकार ढल्नेछ र नयाँ सरकार गठनको प्रक्रिया अघि बढ्नेछ।


## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

*सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं*

नेपाल सरकार

विज्ञापन बोर्ड


## ड्राइभिङ लाइसेन्सको आवेदन र नवीकरणदेखि राजस्व भुक्तानी पनि अब अनलाइनबाटै

**काँक्रेविहार संवाददाता**
काठमाडौं, ३२ असार



सवारी चालक अनुमति पत्र (इलेक्ट्रोनिक ड्राइभिङ लाइसेन्स) लिन तथा नवीकरण गर्न चाहने सेवाग्राहीका लागि यातायात व्यवस्था विभागले अनलाइनमार्फत सेवा उपलब्ध गराउने भएको छ।

आगामी २०८३ साल साउन १ गतेदेखि लागू हुने गरी यो सेवा सुरु हुन लागेको हो। अब लाइसेन्सका लागि फारम भर्दा सेवा लिन चाहनेहरुले राष्ट्रिय परिचयपत्र वा नागरिक एपमा रहेको क्युआर स्क्यानरबाट स्क्यान गरी अटोफिलमार्फत सजिलै फारम भर्न सक्ने व्यवस्था मिलाइएको छ। अन्यको हकमा भने साविकअनुसार नै हुनेछ।

सेवाग्राहीलाई थप सहजता प्रदान गर्न राजस्व भुक्तानीसमेत अनलाइनमार्फत नै गर्न सकिने व्यवस्था गरिएको छ।

यदि सेवा प्रवाहका क्रममा कुनै किसिमका समस्या, गुनासो वा सुझाव आएमा विभागको आधिकारिक इमेलमा सम्पर्क गर्न सकिनेछ।

सातवटै प्रदेशका कार्यालयहरूबाट पनि सम्बन्धित इमेल र मोबाइल नम्बरमार्फत सेवाग्राहीका जिज्ञासाको सम्बोधन गरिनेछ जसमा कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका लागि तोकिएका छुट्टाछुट्टै इमेल तथा सम्पर्क नम्बरहरूको व्यवस्था गरिएको छ।

## सम्पादकीय

# जनताको जीवनमा परिवर्तन नआउने सत्ता

कर्णाली प्रदेशको राजनीतिले फेरि नयाँ मोड लिएको छ । नेपाली कांग्रेसले प्रदेश तहमा नेकपा एमालेसँगको सहकार्य अन्त्य गर्ने निर्णय गरेपछि सत्ता समीकरण परिवर्तनको प्रक्रिया सुरू भएको छ । कांग्रेसका चार मन्त्रीको राजीनामा, नयाँ सरकार गठनको चर्चा र केन्द्रको बदलिएको राजनीतिक समीकरणले कर्णाली मात्र होइन, सातै प्रदेशको राजनीति नयाँ दिशातर्फ उन्मुख भएको संकेत दिएको छ । लोकतान्त्रिक व्यवस्थामा सरकार परिवर्तन स्वाभाविक प्रक्रिया हो । तर सरकार फेरिनु नै उपलब्धि होइन, जनताले त्यसबाट पाउने परिणाम नै वास्तविक उपलब्धि हो ।

विगतका अनुभवले देखाएको छ कि सरकार फेरिए पनि विकास निर्माण, सुशासन, रोजगारी, स्वास्थ्य, शिक्षा र पूर्वाधारका समस्या जस्ताका तस्तै रहने गरेका छन् । त्यसैले अबको सत्ता परिवर्तन केवल दलगत भागबण्डा वा पदको अदलबदलमा सीमित हुनु हुँदैन । कर्णाली विकासका दृष्टिले अझै पछाडि रहेको प्रदेश हो । यहाँ सडक, खानेपानी, स्वास्थ्य सेवा, शिक्षा, कृषि, रोजगारी र पूर्वाधारका आधारभूत आवश्यकता अझै पूरा हुन सकेका छैनन् । यस्तो अवस्थामा राजनीतिक दलहरूले सत्ता प्राप्तिलाई भन्दा जनताको जीवनस्तर सुधारलाई प्राथमिकतामा राख्न आवश्यक छ । सरकारको नेतृत्व कसले गर्छ भन्नेभन्दा पनि नेतृत्वमा पुग्ने दलले कति जिम्मेवार, पारदर्शी र परिणाममुखी काम गर्छ भन्ने कुरा बढी महत्वपूर्ण हुन्छ ।

राजनीतिक सहकार्य टुट्न सक्छ, नयाँ गठबन्धन बन्न सक्छन् । तर त्यसले प्रशासनिक स्थायित्व, विकासका योजना र जनसेवामा अवरोध आउनु हुँदैन । सत्ता परिवर्तनसँगै नीति र प्राथमिकता पनि बारम्बार फेरिने प्रवृत्तिले प्रदेशको विकासलाई थप पछाडि धकेल्ने खतरा रहन्छ । त्यसैले नयाँ समीकरण जुनसुकै बने पनि जनहितका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता आवश्यक छ । आज कर्णाली मात्र होइन, सातै प्रदेशको राजनीतिक दिशा केन्द्रको निर्णयतर्फ केन्द्रित छ । तर अन्ततः जनताले मूल्यांकन गर्ने कुरा सत्ता कसले चलायो भन्ने होइन, जनताको जीवनमा कस्तो परिवर्तन आयो भन्ने हो । त्यसैले दलहरू अब अंकगणितको राजनीतिभन्दा कार्यसम्पादनको राजनीतिमा केन्द्रित हुनुपर्छ । स्थिर, उत्तरदायी र जनमुखी शासन नै कर्णालीसहित देशभरका नागरिकको साझा अपेक्षा हो ।

## विद्यालय र विश्वविद्यालयः
# ज्ञानका केन्द्र कि राजनीतिक मैदान ?



बिशभ अधिकारी

देशको भविष्य कस्तो हुन्छ भन्ने विषय आजका विद्यालय र विश्वविद्यालयले निर्धारण गर्छन् । कुनै पनि राष्ट्रको समृद्धि प्राकृतिक स्रोत, राजनीतिक शक्ति वा आर्थिक लगानीले मात्र सम्भव हुँदैन । त्यसको जग गुणस्तरीय शिक्षा, सक्षम जनशक्ति र जिम्मेवार नागरिकले निर्माण गर्छन् ।

दुर्भाग्यवश, नेपालमा शिक्षा क्षेत्र आफ्नो मूल उद्देश्यबाट क्रमशः विचलित हुँदै गएको अनुभूति हुन्छ । विद्यालय र विश्वविद्यालय ज्ञान उत्पादन गर्ने, अनुसन्धान गर्ने, चरित्र निर्माण गर्ने र देशका लागि सक्षम नेतृत्व तयार गर्ने केन्द्र हुनुपर्नेमा धेरै ठाउँमा ती दलीय प्रभाव, भागबण्डा, शक्ति प्रदर्शन र राजनीतिक हस्तक्षेपको अखडा बन्दै गएका छन् । शिक्षालाई समाज परिवर्तनको माध्यम बनाउनुपर्ने ठाउँमा कतिपय अवस्थामा शिक्षालाई राजनीतिक स्वार्थ पूरा गर्ने साधन बनाइएको छ ।

राजनीति आफैँमा नराम्रो विषय होइन । लोकतान्त्रिक समाजमा राजनीतिक चेतना अपरिहार्य हुन्छ । संविधान, लोकतन्त्र, मानवअधिकार, नागरिक उत्तरदायित्व, सुशासन र सार्वजनिक नीतिबारे विद्यार्थीले सिक्नैपर्छ । विद्यालय र विश्वविद्यालयले सचेत नागरिक उत्पादन गर्नुपर्छ । तर राजनीतिक चेतना विकास गर्नु र दलीय संगठनको विस्तार गर्नु एउटै कुरा होइन । यही भिन्नता बुझ्न नसक्दा नेपालको शिक्षा क्षेत्र लामो समयदेखि दलीयकरणको चपेटामा परेको छ ।

विद्यालयदेखि विश्वविद्यालयसम्म शिक्षक, कर्मचारी र विद्यार्थीलाई समेत राजनीतिक आस्थाका आधारमा वर्गीकरण गर्ने प्रवृत्ति देखिन्छ । नियुक्ति, पदोन्नति, जिम्मेवारी र नेतृत्व छनोटमा क्षमता र योग्यताभन्दा राजनीतिक पहुँचलाई प्राथमिकता दिने संस्कृतिले शैक्षिक संस्थाको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाएको छ । यस्तो अवस्थाले मिहिनेत गरेर पढ्ने विद्यार्थीको मनोबल कमजोर बनाउँछ भने योग्य शिक्षक र अनुसन्धानकर्तालाई पनि निरुत्साहित गर्छ ।

नेपालको शिक्षा क्षेत्रमा देखिएको अर्को गम्भीर समस्या दलीय संगठनहरूको अत्यधिक प्रभाव हो । विद्यार्थी संगठनहरू प्रारम्भमा विद्यार्थीका हकहित र लोकतान्त्रिक अधिकारका लागि स्थापना भएका थिए । इतिहासमा उनीहरूले सकारात्मक भूमिका पनि खेले । तर समयसँगै धेरै संगठन आफ्नो मूल उद्देश्यबाट विचलित भएर राजनीतिक दलका भ्रातृ संगठनका रूपमा सीमित हुँदै गए । परिणामस्वरूप शैक्षिक मुद्दाभन्दा दलगत प्रतिस्पर्धा प्राथमिकतामा पर्न थाल्यो । कक्षाकोठाभन्दा आन्दोलन, अध्ययनभन्दा शक्ति प्रदर्शन र अनुसन्धानभन्दा राजनीतिक गतिविधिले बढी स्थान पाउन थाल्यो ।

विश्वविद्यालयको मुख्य काम ज्ञान उत्पादन गर्नु हो । अनुसन्धानमार्फत समाजका समस्याको समाधान खोज्नु हो । नयाँ विचार जन्माउनु हो । तर विश्वविद्यालयका प्राध्यापक र विद्यार्थीको ठूलो ऊर्जा यदि दलगत प्रतिस्पर्धामै खर्च हुने हो भने त्यसबाट गुणस्तरीय अनुसन्धान र अन्तर्राष्ट्रिय प्रतिस्पर्धा कसरी सम्भव हुन्छ ? यही कारण विश्वका उत्कृष्ट विश्वविद्यालयसँग हाम्रा विश्वविद्यालयको दूरी दिनप्रतिदिन बढ्दै गएको छ ।

शिक्षामा राजनीतिक हस्तक्षेपको असर विद्यार्थीमा मात्र सीमित रहँदैन । यसको प्रत्यक्ष प्रभाव राज्यको प्रशासन, अर्थतन्त्र, न्यायप्रणाली र समग्र सुशासनमा समेत पर्छ । किनकि कमजोर शिक्षा प्रणालीले योग्य नागरिक उत्पादन गर्न सक्दैन । जब योग्यताभन्दा पहुँचले अवसर पाउँछ, तब समाजमा निराशा, पलायन र अविश्वास बढ्छ । आज हजारौँ नेपाली युवाले अवसरको खोजीमा विदेश जानुपर्ने अवस्था केवल रोजगारीको अभाव मात्र नभई, गुणस्तरीय शिक्षा र अवसरबीचको असन्तुलनको परिणाम पनि हो ।

पछिल्लो समय सरकारले विद्यालय र विश्वविद्यालयमा दलीय गतिविधि नियन्त्रण गर्ने तथा विद्यार्थी संगठनलाई शैक्षिक मर्यादाभित्र सीमित गर्ने विषयमा केही नीतिगत कदम चालेको छ । यसको सफल कार्यान्वयन हुने वा नहुने भन्ने प्रश्न भविष्यले तय गर्ला, तर कम्तीमा पनि शिक्षा क्षेत्रमा बढ्दो राजनीतिक हस्तक्षेपप्रति राज्य गम्भीर बन्न थालेको संकेत भने यसले दिएको छ । यदि यो कदम निष्पक्ष रूपमा लागू गर्न सकियो भने यसले शैक्षिक वातावरण सुधारतर्फ एउटा महत्त्वपूर्ण सुरुवात गर्न सक्छ ।

शिक्षालाई राजनीतिबाट पूर्ण रूपमा अलग गर्न सम्भव पनि छैन र आवश्यक पनि छैन । तर शिक्षालाई दलीय नियन्त्रणबाट मुक्त गर्न आवश्यक छ । विद्यालयमा राजनीतिक चेतना हुनुपर्छ, तर पार्टीको झन्डा होइन । विश्वविद्यालयमा सार्वजनिक नीतिमाथि बहस हुनुपर्छ, तर गुटगत शक्ति प्रदर्शन होइन । विद्यार्थीले विचार निर्माण गर्नुपर्छ, तर कसैको अन्धो अनुयायी बन्नु हुँदैन । शिक्षकले समाजलाई मार्गदर्शन गर्नुपर्छ, तर कुनै दलको कार्यकर्ता बनेर होइन ।

नेपालले अब शिक्षा र राजनीतिबीचको सम्बन्धलाई नयाँ ढङ्गले परिभाषित गर्नुपर्ने समय आएको छ । राजनीति शिक्षाको संरक्षक बन्नुपर्छ, सञ्चालक होइन । शिक्षा राजनीतिलाई सही दिशा देखाउने शक्ति बन्नुपर्छ, राजनीतिको साधन होइन । यही बाटो समृद्ध, सक्षम र उत्तरदायी नेपालको आधार बन्न सक्छ ।

कुनै पनि राष्ट्रको भविष्य कस्तो हुन्छ भन्ने प्रश्नको उत्तर खोज्ने हो भने अन्ततः हामी शिक्षामै पुग्छौँ । एउटा देशको समृद्धि, सुशासन, वैज्ञानिक सोच, आर्थिक विकास, सामाजिक न्याय र लोकतन्त्रको दिगोपन सबैको आधार शिक्षा नै हो । आज विद्यालयको कक्षाकोठामा बसेको विद्यार्थी नै भोलिको शिक्षक, चिकित्सक, न्यायाधीश, प्रशासक, उद्यमी, पत्रकार, वैज्ञानिक र राजनीतिक नेतृत्व बन्ने हो । त्यसैले शिक्षाको गुणस्तरमा गरिने लगानी वास्तवमा राष्ट्रको भविष्यमा गरिने लगानी हो ।

तर नेपालमा शिक्षा क्षेत्रले वर्षौँदेखि आफ्नो वास्तविक उद्देश्य पूरा गर्न सङ्घर्ष गरिरहेको छ । विद्यालय र विश्वविद्यालय ज्ञान उत्पादन गर्ने, अनुसन्धान गर्ने, नयाँ विचार जन्माउने र जिम्मेवार नागरिक तयार गर्ने केन्द्र हुनुपर्नेमा धेरै ठाउँमा दलीय स्वार्थ, राजनीतिक हस्तक्षेप र शक्ति प्रदर्शनको केन्द्र बन्दै गएका छन् । शिक्षामा सबैभन्दा ठूलो चुनौती नीतिगत अस्थिरता र दलीय हस्तक्षेप पनि हो ।

नेपालको इतिहासमा विद्यार्थी आन्दोलनले लोकतन्त्र स्थापनादेखि राजनीतिक परिवर्तनसम्म महत्त्वपूर्ण भूमिका खेलेको तथ्यलाई अस्वीकार गर्न सकिँदैन । २०४६ सालको जनआन्दोलन होस्, २०६२-६३ को आन्दोलन होस् वा अन्य लोकतान्त्रिक अभियान, विद्यार्थीको सहभागिता उल्लेखनीय थियो । त्यसैले राजनीति र विद्यार्थीबीचको सम्बन्धलाई पूर्ण रूपमा नकार्न सकिँदैन ।

तर के राजनीतिक परिवर्तनको उद्देश्य सधैँका लागि विद्यालय र विश्वविद्यालयलाई दलगत प्रतिस्पर्धाको मैदान बनाउनु थियो ? दुर्भाग्यवश, धेरै शैक्षिक संस्थामा विद्यार्थी संगठन शैक्षिक सुधारभन्दा बढी दलगत शक्ति प्रदर्शनमा केन्द्रित देखिन्छन् । कतिपय अवस्थामा शिक्षक संगठनहरू पनि आफ्नो पेसागत विकासभन्दा राजनीतिक समीकरणमा बढी सक्रिय देखिन्छन् । विश्वविद्यालयका प्रशासनिक निर्णयदेखि शिक्षक नियुक्ति, विभागीय नेतृत्व, सिनेट, सेवा आयोग र विभिन्न समितिमा समेत राजनीतिक प्रभाव देखिनु अब सामान्यजस्तै बनेको छ ।

यदि शिक्षा क्षेत्र नै स्वतन्त्र रहन सकेन भने स्वतन्त्र सोच भएका नागरिक कसरी उत्पादन हुन्छन् ? राजनीति समाज सञ्चालन गर्ने माध्यम हो भने शिक्षा समाज निर्माण गर्ने आधार हो । आधार नै कमजोर भयो भने माथि बनेको संरचना पनि बलियो रहँदैन । त्यसैले शिक्षाले राजनीतिलाई मार्गदर्शन गर्नुपर्छ, राजनीतिले शिक्षालाई नियन्त्रण गर्नु हुँदैन ।

हामीले राजनीति र दलीयकरणबीचको फरक बुझ्न आवश्यक छ । राजनीति भनेको सार्वजनिक नीति, लोकतन्त्र, संविधान, नागरिक अधिकार, सुशासन र राज्य सञ्चालनको अध्ययन हो । यो प्रत्येक नागरिकले बुझ्नैपर्ने विषय हो । तर दलीयकरण भनेको राज्यका संस्थालाई कुनै दलको प्रभाव, स्वार्थ वा नियन्त्रणमा लैजानु हो । यही दलीयकरण आज नेपालको शिक्षा क्षेत्रको सबैभन्दा ठूलो समस्या बनेको छ ।

विद्यालयभित्र विद्यार्थीले संविधान, लोकतन्त्र, निर्वाचन प्रणाली, नागरिक कर्तव्य र अधिकारबारे अध्ययन गर्नुपर्छ । उनीहरूले राष्ट्रिय मुद्दामा बहस गर्नुपर्छ । सरकारका नीति-कार्यक्रमको समीक्षा गर्न सिक्नुपर्छ । फरक विचारलाई सम्मान गर्न सिक्नुपर्छ ।

# विद्युत् सुधारका लागि प्रतिवेदन तयार

काँक्रेविहार संवाददाता

रुकुमपश्चिम, ३२ असार

जिल्लामा पछिल्लो समय बढ्दै गएको विद्युत् आपूर्तिको समस्या समाधानका लागि वास्तविक अवस्था पहिचान गरी सुधार प्रक्रिया अघि बढाइएको छ ।

जिल्ला प्रशासन कार्यालयको निर्देशनमा नेपाल विद्युत् प्राधिकरण विद्युत् वितरण केन्द्र रुकुमपश्चिमले विद्युत् आपूर्तिमा देखिएका समस्या, कारण, चुनौती तथा समाधानका उपाय समेटिएको प्रतिवेदन तयार गरेको छ ।

विद्युत् सेवामा पटक-पटक अवरोध हुने, लामो समयसम्म सेवा पुनः सञ्चालन नहुने, हावाहुरी र वर्षाका बेला विद्युत् प्रभावित हुने, न्यून भोल्टेज तथा लाइन ट्रिप हुने समस्या बढेपछि प्रशासनले सुधारका लागि पहल थालेको हो ।

प्रमुख जिल्ला अधिकारी निशानराज गौतमका अनुसार विद्युत् समस्याका कारण सर्वसाधारणसँगै उद्योग व्यवसाय, स्वास्थ्य संस्था, शैक्षिक संस्था, सञ्चार क्षेत्र तथा सरकारी सेवा प्रवाहसमेत प्रभावित हुँदै आएको छ ।

विद्युत् सेवासम्बन्धी गुनासो बढेपछि वितरण केन्द्रलाई समस्याको पहिचान गरी समाधानका उपायसहित प्रतिवेदन तयार गर्न निर्देशन दिइएको उनले बताए ।

विद्युत् वितरण केन्द्र रुकुमपश्चिमका प्राविधिक प्रमुख पारस सुवेदीका अनुसार विद्युत् आपूर्ति अनियमित हुनुमा पूर्ण विद्युतीकरणमा भइरहेको ढिलाइ, प्रसारण तथा वितरण प्रणालीका कमजोरी, प्राविधिक समस्या र आवश्यक पूर्वाधारको अभाव मुख्य कारण रहेका छन् ।

रुकुम वितरण केन्द्रमार्फत रुकुमपश्चिमका अधिकांश क्षेत्र, रुकुमपूर्वको सम्पूर्ण क्षेत्र तथा जाजरकोट र सल्यानका केही क्षेत्रमा विद्युत् सेवा प्रवाह भइरहेको छ ।

केन्द्रका अनुसार हाल २५ हजार दुई सय ८३ ग्राहकले विद्युत् सेवा लिइरहेका छन् भने करिब चार हजार पाँच सय घरधुरी अझै विद्युत् पहुँचभन्दा बाहिर छन् ।

प्रतिवेदनमा विद्युत् आपूर्तिलाई दिगो बनाउन विभिन्न दीर्घकालीन उपाय सुझाइएको छ । जसमा जाजरकोटको कुदु-मुसिकोट ३३ केभी प्रसारण लाइन निर्माण, बाँफिकोटको झम्पुचौरमा ३३/११ केभी सबस्टेसन स्थापना, भविष्यमा एक सय ३२/३३ केभी ग्रिड सबस्टेसन निर्माण, जंगल क्षेत्रमा रहेका नाङ्गा तार विस्थापन तथा वितरण प्रणाली स्तरोन्नति रहेका छन् ।

यसैगरी जीर्ण प्रसारण संरचनाको आधुनिकीकरण, आवश्यक ट्रान्सफर्मर तथा उपकरण व्यवस्थापन, प्राविधिक जनशक्ति थप र पर्याप्त बजेट विनियोजनका लागि समेत पहल गरिएको छ ।

प्रजिअ गौतमले प्रतिवेदनमा उल्लेख गरिएका समस्या समाधानका लागि नेपाल विद्युत् प्राधिकरणको केन्द्रीय कार्यालयमा आवश्यक पहल गरिएको बताए ।

उनले विद्युत् सेवा सुधारका लागि नीतिगत निर्णय, पूर्वाधार विस्तार र स्रोत व्यवस्थापनलाई प्राथमिकतामा राख्न आग्रह गरिएको जानकारी दिए ।

# सुशीलाले हटाएको सुविधा बालेनले फर्काए- सांसदले स्वकीय सचिव पाउने

काँक्रेविहार संवाददाता

काठमाडौँ, ३२ असार

बालेन सरकारले संघीय सांसदहरूलाई स्वकीय सचिव राख्न पाउने व्यवस्था पुनः ब्यूँताएको छ । गत मंगलबारको क्याबिनेट निर्णयबाटै यो निर्णय गरिएको हो ।



संघीय संसदका पदाधिकारी तथा सदस्यहरूको पारिश्रमिक र सुविधासम्बन्धी ऐन, २०७३ को अनुसूचीलाई संशोधन गर्दै स्वकीय सचिवसम्बन्धी सुविधा पुनः कायम गरिएको कानूनमन्त्री सोविता गौतमले जानकारी दिइन् ।

कानुन मन्त्रालयले सुविधा पुनर्स्थापनाका लागि अनुसूची संशोधनको प्रस्ताव क्याबिनेटमा लगेको थियो । यो संशोधित व्यवस्था राजपत्रमा प्रकाशित भएपछि सांसदहरूको स्वकीय सचिव सुविधा लागू हुनेछ

नयाँ व्यवस्थाअनुसार सांसदहरूले शाखा अधिकृत सरहको स्वकीय सचिव राख्न पाउनेछन् ।

जेन-जी आन्दोलपछि बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकारले सरकारी ढुकुटीको खर्च कटौती गर्न भन्दै सांसदहरूको स्वकीय सचिवको सुविधा खारेज गरेको थियो ।

# सार्वजनिक सुनुवाइमा जनप्रतिनिधि नै अनुपस्थित



❑ कााँक्रेविहार संवाददाता
डोल्पा, ३२ असार

आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा, सेवा प्रवाह सहजीकरण, समन्वय तथा सार्वजनिक सुनुवाइ कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिको अनुपस्थिति र राष्ट्रिय गौरवको भेरी करिडोर आयोजनाप्रतिको सरकारी बेवास्ता प्रमुख बहसको विषय बनेको छ।

सहभागीहरूले जनप्रतिनिधिको अनुपस्थितिलाई सार्वजनिक उत्तरदायित्वप्रतिको उदासीनताको संकेत भन्दै आलोचना गरेका छन्।

जिल्ला प्रशासन कार्यालय डोल्पाको आयोजना तथा जिल्ला समन्वय समितिको समन्वयमा सम्पन्न कार्यक्रममा जिल्लास्थित सरकारी तथा गैरसरकारी कार्यालयहरूले आर्थिक वर्ष २०८२/०८३ मा सम्पन्न कार्यक्रम, बजेट खर्च र वित्तीय प्रगतिबारे प्रतिवेदन प्रस्तुत गरेका थिए।

कार्यक्रमका प्रमुख अतिथि कर्णाली प्रदेश सरकारका भौतिक पूर्वाधार विकास मन्त्री शेरबहादुर बुढाले प्रदेश सरकारले विकास योजनालाई व्यवस्थित र पारदर्शी बनाउन 'योजना बैंक' अवधारणा लागू गरेको बताए।

उनका अनुसार अब योजना पहुँच वा दबाबका आधारमा नभई आवश्यकता र प्राथमिकताका आधारमा छनोट गरिनेछ।

संविधानसभा सदस्य दुधकुमारी हमालले सही योजना सही स्थान र वास्तविक लाभग्राहीसम्म पुग्न सके मात्र डोल्पाको समग्र विकासले गति लिने बताइन्। प्रमुख जिल्ला अधिकारी जुनु हमाल ढकालले सार्वजनिक सुनुवाइजस्ता कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिको निरन्तर अनुपस्थिति चिन्ताजनक भएको बताइन्।

उनले प्रभावकारी समन्वय, उत्तरदायित्व र जनअपेक्षाको सम्बोधनका लागि जनप्रतिनिधिको सक्रिय सहभागिता आवश्यक रहेको उल्लेख गरिन्। साथै राष्ट्रिय गौरवको भेरी करिडोर आयोजनाको कार्यालय डोल्पामै स्थापना नहुँदा समन्वय, निर्णय प्रक्रिया र सेवा प्रवाहमा समस्या उत्पन्न भएको भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराइन्। नागरिक समाज डोल्पाका अध्यक्ष शेरबहादुर बुढाले सरकारी कार्यालयहरूले हरेक वर्ष उच्च वित्तीय प्रगति देखाए पनि जिल्लावासीले त्यसको प्रत्यक्ष अनुभूति गर्न नसकेको टिप्पणी गरे।

राजनीतिक दलका प्रतिनिधिहरूले पनि भेरी करिडोर आयोजनाको कार्यान्वयन सुस्त भएको, आयोजना प्रमुखसँग समन्वयको अभाव रहेको तथा कार्यालय जिल्ला बाहिर रहँदा विकास निर्माण प्रभावित भएको गुनासो गरे उनीहरूले कृषि, पशु सेवा तथा खानेपानी लगायतका कार्यालय मार्फत सञ्चालित योजनामा पारदर्शिता र नियमित प्राविधिक अनुगमन कमजोर रहेको भन्दै सुधारको आवश्यकता औँल्याए।

कार्यक्रममा सहभागीहरूले विकास आयोजना प्रभावकारी बनाउन समन्वय, पारदर्शिता, उत्तरदायित्व र जनप्रतिनिधिको सक्रिय सहभागिता अपरिहार्य रहेकोमा जोड दिएका थिए।

जिल्ला समन्वय समिति डोल्पाका प्रमुख श्यामबहादुर रोकायाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सरकारी तथा गैरसरकारी कार्यालयहरूको उल्लेख्य सहभागिता रहे पनि अधिकांश स्थानीय तहका प्रमुख तथा जनप्रतिनिधि अनुपस्थित रहेका थिए।

# मुगुमा खानेपानी संकट कायमै

❑ काँक्रेविहार संवाददाता
मुगु, ३२ असार

लामो समयदेखि पर्याप्त वर्षा नहुँदा मुगुको सोरु गाउँपालिका तिन स्थित भिई गाउँमा खानेपानीको गम्भीर संकट उत्पन्न भएको छ।



अधिकांश खानेपानीका मुहान सुक्न थालेपछि करिब चार सय घरधुरीका स्थानीयवासी पिउने पानीका लागि रातिदेखि नै सार्वजनिक धारामा पालो कुर्न बाध्य भएका छन्।

स्थानीयका अनुसार गाउँका आठ वटा बस्तीका लागि एउटा मात्र सार्वजनिक धारा सञ्चालनमा रहेको छ। खडेरीका कारण मुहानमा पानीको मात्रा घट्दै गएपछि धारामा पर्याप्त पानी आउन छाडेको हो।

सीमित पानीका कारण दैनिक उपभोगका लागि समेत समस्या बढ्दै गएको स्थानीयवासीको भनाइ छ। स्थानीय विद्यार्थी सीता धामीले गत कात्तिकयता उल्लेख्य वर्षा नभएकाले पानीको अभाव चर्किएको बताइन्।

घरमा आवश्यक मात्रामा पानी नहुँदा व्यक्तिगत सरसफाइमा समस्या भएको र विद्यालय जाने बालबालिकासमेत नियमित रूपमा सरसफाइ गर्न नसकिरहेको उनले बताइन्।

स्थानीय कृषक जौमती नेपालीका अनुसार लामो खडेरीका कारण चरन क्षेत्रमा घाँस उम्रिन नसकेको, हिउँदे बाली सुक्न थालेको तथा पिउने पानीको अभावले चौपायासमेत प्रभावित भएका छन्।

पानी नपाएर छिमेकीका चार वटा बाख्रा मरेको उनले जानकारी दिइन्। सोरु गाउँपालिका तिनका वडाध्यक्ष नवराज धामीले अधिकांश खानेपानीका मुहान सुकेपछि स्थानीयवासी गम्भीर समस्यामा परेको बताए। उनका अनुसार वडाभित्र वैकल्पिक पानीको स्रोतसमेत नहुँदा समस्या झन् जटिल बनेको छ।

वडाध्यक्ष धामीका अनुसार गाउँपालिकाका विभिन्न बस्तीमा सुरक्षित खानेपानी पुऱ्याउने उद्देश्यले संघीय सरकार अन्तर्गत खानेपानी तथा ढल व्यवस्थापन कार्यालय, सुर्खेतको समन्वयमा बृहत् खानेपानी आयोजना सञ्चालनमा छ। तर निर्माण सुरु भएको चार वर्ष बितिसक्दा पनि आयोजना सम्पन्न हुन नसक्दा स्थानीयले नियमित खानेपानी सेवा पाउन सकेका छैनन्।

स्थानीयवासीले आयोजना शीघ्र सम्पन्न गरी गाउँमा नियमित खानेपानी आपूर्ति सुनिश्चित गर्न सम्बन्धित निकायसँग माग गरेका छन्। उनीहरूले समयमै समाधान नभए खानेपानी संकट अझ गम्भीर बन्ने चेतावनी दिएका छन्।

# कार्यसम्पादनका आधारमा कर्मचारीको मूल्याङ्कन गरिने




❑ काँक्रेविहार संवाददाता
सुर्खेत, ३२ असार

सरकारी कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन अबदेखि नतिजामुखी र कार्यसम्पादनमा आधारित हुने भएको छ। कर्मचारीको वास्तविक काम, जिम्मेवारी पूरा गर्ने क्षमता तथा कार्यालयले निर्धारण गरेका लक्ष्य हासिल गर्ने आधारमा मात्रै मूल्याङ्कन गरिने व्यवस्था लागू गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकायलाई परिपत्र जारी गरेको हो।

विगतमा कर्मचारीको कार्यसम्पादन मूल्याङ्कन गर्दा कार्यालय प्रमुखले राम्रो र कमजोर दुवै प्रकृतिका कर्मचारीलाई समान वा कार्यसम्पादनसँग मेल नखाने अङ्क दिने प्रवृत्ति देखिँदै आएको थियो।

यसले मेहनती कर्मचारीको मनोबल घट्नुका साथै कार्यसम्पादनमा आधारित प्रतिस्पर्धी कार्यसंस्कृतिको विकास हुन नसकेको निष्कर्ष मन्त्रालयले निकालेको छ। यही अवस्थालाई सुधार गर्न नयाँ मूल्याङ्कन प्रणाली लागू गर्न लागिएको मन्त्रालयले जनाएको छ।

परिपत्रअनुसार प्रत्येक सार्वजनिक निकायले प्रत्येक पदको आवधिक कार्यविवरणका आधारमा मापनयोग्य कार्यसम्पादन सूचक निर्धारण गर्नुपर्नेछ ती सूचकलाई सम्बन्धित कार्यालयको वार्षिक कार्ययोजना, लक्ष्य र अपेक्षित नतिजासँग आबद्ध गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै कार्यालय प्रमुख तहसम्मका कर्मचारी र सम्बन्धित सुपरिवेक्षकबीच कार्यसम्पादन सम्झौता गर्नुपर्ने व्यवस्था पनि गरिएको छ, जसबाट कर्मचारीको जिम्मेवारी स्पष्ट हुने र मूल्याङ्कन थप वस्तुगत बन्ने अपेक्षा गरिएको छ। मन्त्रालयले कार्यालयमा उपस्थित हुने मात्र होइन, सेवाग्राहीलाई गुणस्तरीय सेवा प्रदान गर्ने र सरकारले निर्धारण गरेका लक्ष्य समयमै पूरा गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्ने जनाएको छ। त्यसका लागि प्रत्येक तीन-तीन महिनामा कार्यसम्पादनको समीक्षा गरिनेछ। समीक्षा क्रममा कार्यालयको प्रगति, समस्या, चुनौती तथा समाधानका उपायबारे छलफल गरी आवश्यक सुधारका योजना तयार गरिने उल्लेख गरिएको छ। मन्त्रालयका अनुसार नयाँ प्रणाली लागू भएपछि कर्मचारीको मूल्याङ्कन निष्पक्ष, पारदर्शी र नतिजामुखी बन्ने विश्वास गरिएको छ। यसबाट जिम्मेवारीबोध, जवाफदेहिता र कार्यकुशलता अभिवृद्धि हुनुका साथै सार्वजनिक सेवा प्रवाह थप प्रभावकारी, उत्तरदायी र सेवाग्राहीमैत्री बन्ने अपेक्षा गरिएको छ।

# मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कारबाट तीन कृषक सम्मानित

❑ काँक्रेविहार संवाददाता
सल्यान, ३२ असार

कर्णाली प्रदेश सरकारको 'मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार' अन्तर्गत सल्यानका तीन जना कृषक सम्मानित भएका छन्।

व्यावसायिक कृषि, रोजगारी सिर्जना तथा कृषि उत्पादनमा उल्लेखनीय योगदान पुऱ्याएको आधारमा उनीहरूलाई नगदसहित सम्मान गरिएको हो।

पुरस्कार प्राप्त गर्नेमा बागचौर नगरपालिका सात मारिचौरका तारादेव वली प्रथम, सोही वडाका शोभाराम वली द्वितीय तथा त्रिवेणी गाउँपालिका चारका पोषणराज रावत तृतीय भएका छन्। प्रथम भएका तारादेव वलीले ३५ रोपनी क्षेत्रफलमा व्यावसायिक अदुवा खेतीसँगै पाँच हजार ब्रोइलर कुखुरा पालन गर्दै आएका छन्। उनको कृषि उद्यममा दुई जना स्थायी र दैनिक औसत सात जना ज्यालादारी कामदारले रोजगारी पाएका छन्।

करिब दुई करोड रुपैयाँ लगानी रहेको उनको कृषि व्यवसायबाट वार्षिक करिब ८० लाख रुपैयाँको कारोबार



हुने गरेको छ। प्रथम स्थान हासिल गरेबापत उनले ३० हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गरे।

दोस्रो स्थान हासिल गरेका शोभाराम वलीले सुन्तला, कागती, ओखर र टिमुरका कलमी तथा बिजु बिरुवा उत्पादन गर्दै आएका छन्। उनले वार्षिक २८ हजारभन्दा बढी बिरुवा बिक्री गर्नुका साथै चार सय बोट सुन्तला र २० रोपनी क्षेत्रफलमा अदुवा तथा बेसार खेती गरेका छन्।

उनको वार्षिक कारोबार करिब ३४ लाख रुपैयाँ रहेको छ। उनले २५ हजार रुपैयाँ नगदसहित सम्मान प्राप्त गरे। त्यस्तै, तृतीय स्थान हासिल गरेका पोषणराज रावतले व्यावसायिक तरकारी खेतीमार्फत जिल्लामै उदाहरणीय काम गरेका छन्। उनले गोलभेंडा, बन्दा, काउली, सिमी, बोडी र काँक्रोलगायतका तरकारी उत्पादन गर्दै आएका छन्। रावतका अनुसार उनले एक वर्षमै २१ टनभन्दा बढी तरकारी बिक्री गर्न सफल भएका छन्।

पुरस्कृत कृषकलाई आयोजित कार्यक्रममा कर्णाली प्रदेश सरकारका पूर्व भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री भीमप्रकाश शर्मा, जिल्ला समन्वय समिति सल्यानका उपप्रमुख असवीर बुढाथोकी तथा प्रमुख जिल्ला अधिकारी महेन्द्रकुमार सापकोटाले खादा, माला, प्रमाणपत्र तथा नगद पुरस्कार प्रदान गरेका थिए।

मुख्यमन्त्री उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमले व्यावसायिक कृषि प्रवर्द्धन, कृषकको सम्मान तथा कृषि क्षेत्रमा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने अपेक्षा गरिएको छ। सरोकारवालाहरूले सम्मानित तीनै कृषकले कृषि पेशालाई सम्मानित, उत्पादनमुखी र आम्दानीको भरपर्दो माध्यमका रूपमा स्थापित गर्न उल्लेखनीय योगदान पुऱ्याएको बताएका छन्।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
ह.नि.सु.द.नं. ०१/२०८२/०८३

# बिना धितो ऋणका लागि सम्झौता



काँक्रेविहार संवाददाता
सुर्खेत, ३२ असार

बिना धितो ऋण प्राप्त गर्न सहज बनाउने उद्देश्यले निक्षेप तथा कर्जा सुरक्षण कोष र वीरेन्द्रनगर नगरपालिका, सुर्खेतबीच समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको छ।

व्यक्तिगत कृषि कर्जा सुरक्षण योजना (Individual Agriculture Credit Guarantee Scheme) कार्यान्वयनका लागि देशभरका नौ वटा स्थानीय तहसँगै वीरेन्द्रनगर नगरपालिकाले पनि सम्झौता गरेको हो।

सम्झौतासँगै स्थानीय तहका कृषक, घरेलु तथा साना उद्योग सञ्चालन गर्न चाहने उद्यमी तथा पर्याप्त धितोको अभावका कारण बैंक तथा वित्तीय संस्थाबाट ऋण लिन नसकेका व्यवसायीलाई कर्जा पहुँच विस्तार हुने अपेक्षा गरिएको छ।

योजना अन्तर्गत निक्षेप तथा कर्जा सुरक्षण कोषले बैंक तथा वित्तीय संस्थाबाट प्रवाह हुने कृषि तथा साना उद्यमसम्बन्धी कर्जाको सुरक्षण गर्नेछ। यसले बैंकहरूको जोखिम घटाउने र धितोविहीन योग्य सेवाग्राहीलाई ऋण उपलब्ध गराउन सहयोग पुग्ने विश्वास गरिएको छ।

वीरेन्द्रनगर नगरपालिकाले स्थानीयस्तरमा उत्पादन, उद्यमशीलता र स्वरोजगारलाई प्रोत्साहन गर्ने उद्देश्यले यस कार्यक्रमलाई महत्त्वपूर्ण अवसरका रूपमा लिएको जनाएको छ।

नगरपालिकाका अनुसार कृषि उत्पादन वृद्धि, घरेलु तथा साना उद्योगको विस्तार र युवालाई उद्यमशीलतामा आकर्षित गर्न यो कार्यक्रम प्रभावकारी बन्न सक्छ।

सरोकारवालाले धितो अभावका कारण वित्तीय पहुँचबाट वञ्चित हुँदै आएका कृषक र साना व्यवसायीका लागि यो योजना उपलब्धिमूलक हुने बताएका छन्।

कर्जा प्राप्त गर्न सहज भएपछि नयाँ उद्यम स्थापना हुनुका साथै सञ्चालनमा रहेका कृषि तथा व्यवसायिक गतिविधि विस्तार हुने अपेक्षा गरिएको छ। कार्यक्रमले स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा आर्थिक गतिविधि विस्तारमा टेवा पुऱ्याउने विश्वास गरिएको छ। साथै वित्तीय पहुँच अभिवृद्धिमार्फत स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन र उद्यमशीलतालाई प्रवर्द्धन गर्न यो साझेदारी महत्त्वपूर्ण कदमका रूपमा हेरिएको छ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/०१**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री सुरेन्द्र बहादुर बम** धनी रहेको, **दर्ता नम्बर ६४६५/०७७/०७८** बाट **वीरेन्द्रनगर-३, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **कालिका कृषि तथा पशुपंक्षी फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## उद्योग खारेजीको सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/०१**

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म/हामी **श्री जमुना खत्री** धनी रहेको, **दर्ता नम्बर ६४६५/०७७/०७८** बाट **वीरेन्द्रनगर-१०, सुर्खेत**मा संचालन हुने गरी दर्ता श्रेस्ता कायम रहेको **खत्री पोल्ट्री फर्म** नामको प्राइभेट साझेदारी उद्योग मेरो हाम्रो घरायसी/आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो ३५ (पैंतीस) दिने सूचना प्रकाशन गरिएको छ। यस उद्योगसँग कोही कसैको कुनै प्रकारको बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दावी गर्न हुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

# पुल नहुँदा कर्णाली कोरिडोर जोखिम

काँक्रेविहार संवाददाता
कालीकोट, ३२ असार



कर्णाली कोरिडोर अन्तर्गत कालीकोट खण्डमा पर्ने फुक्गाढ खोलामा स्थायी पुल निर्माण हुन नसक्दा सर्वसाधारणले वर्षौंदेखि सास्ती खेप्दै आएका छन्।

बाढीले बेलिब्रिज बगाएको लामो समय बितिसक्दा पनि नयाँ पुल निर्माण नहुँदा यात्रु तथा सवारीसाधन जोखिमपूर्ण यात्रा गर्न बाध्य भएका हुन्। २०७९ असोजमा आएको बाढीले फुक्गाढ खोलाको बेलिब्रिज बगाएपछि यस क्षेत्रको आवागमन झन् कठिन बन्दै गएको छ।

वर्षायाम सुरु भएसँगै खोलामा पानीको बहाव बढ्दा सवारी सञ्चालनमा समस्या हुने गरेको छ। सामान्य वर्षामा समेत घन्टौंसम्म यातायात अवरुद्ध हुने र सवारी चालकले जोखिम मोलेर खोला पार गर्नुपर्ने अवस्था रहेको छ।

स्थानीय कटकबहादुर बमले वर्षाको समयमा यात्रुवाहक सवार ीसाधन तीव्र बहाव भएको खोलाबाट सञ्चालन हुने दृश्यले कर्णाली कोरिडोरको जोखिमपूर्ण अवस्था देखाउने बताए।

खोलाको बहाव बढेका बेला जुनसुकै समयमा ठूलो दुर्घटना हुन सक्ने जोखिम रहेको उनको भनाइ छ। स्थानीयवासीले फुक्गाढ खोलामा स्थायी पुल निर्माणका लागि पटक-पटक माग गर्दै आए पनि सम्बन्धित निकायबाट प्रभावकारी पहल हुन नसकेको गुनासो गरेका छन्।

पुल नहुँदा दैनिक उपभोग्य सामग्री ढुवानी, बिरामीलाई उपचारका लागि लैजान तथा विद्यार्थीको आवतजावतमा समेत समस्या भइरहेको छ।

हिल्सा-सिमकोट सडक योजनाका प्रमुख बेलबहादुर नेपालीका अनुसार कर्णाली कोरिडोर अन्तर्गत गार्डलगायत नौ वटा पुल निर्माणका लागि ठेक्का प्रक्रिया अघि बढाइएको छ। तर निर्माण कम्पनीले समयमै डिजाइन तथा स्टिमेट पेस नगर्दा काममा ढिलाइ भएको उनले बताए।

उनका अनुसार फुक्गाढसहित तीन वटा पुलको डिजाइन स्वीकृत भइसकेको छ। अब आवश्यक प्रक्रिया पूरा गरी छिट्टै निर्माण कार्य सुरु गर्ने तयारी रहेको उनले जानकारी दिए।

दुर्गम कर्णालीका जिल्लाको प्रमुख यातायात मार्गका रूपमा रहेको कर्णाली कोरिडोरमा पुलजस्ता आधारभूत पूर्वाधार निर्माणमा ढिलाइ हुँदा स्थानीयको दैनिक जीवन प्रभावित भएको छ।

फुक्गाढ खोलामा स्थायी पुल निर्माण भएपछि वर्षायाममा हुने आवागमन अवरोध हट्ने र कोरिडोरको सेवा प्रभावकारिता बढ्ने अपेक्षा गरिएको छ।

## अनलाइन पत्रिका बन्द हुने सूचना

**सूचना प्रकाशित मिति : २०८३/०४/०१**

यस www.jaitoononline.com अनलाइन पत्रिका पछि कुनै दायित्व बाँकी नरहने गरी बन्द गर्न लागिएको हुँदा तत् सम्बन्धमा कोहि कसैको लेनदेन बाँकी बक्यौता भएमा यस सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालयमा सम्पर्क गरी हिसाब मिलान गर्नुहुन अनुरोध गर्दछौं।

**जैतुन अनलाइन डट कम**
**ठूलीभेरी-३, दुनै, डोल्पा**




काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, Email : ekankrebihardaily@gmail.com, web : kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)